घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:२०७७/७८

चलानी नं. ३८९

मिति: २०७७/०६/१९

विषय: जानकारी गराई दिने बारे ।

**श्री वडा कार्यालयहरु सबै,**

घरपझोङ गाउँपालिका,

मुस्ताङ ।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र बेनी,म्याग्दी र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ ( स्याउ जोन) मुस्ताङ बाट यस कार्यालयमा प्राप्त प्रस्ताव माग सम्बन्धी सूचना ११ थान यसैपत्र साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध गर्दै उक्त सूचनाहरु तहाँ वडा अन्तर्गतका कृषकहरुलाई जानकारी गराई सहयोग गरी दिनुहुन अनुरोध छ ।

(हरिराम नागिला)

**प्रमुख प्रशासकीय अधिकृत**

कार्यालय ठेगाना: घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम, मुस्ताङ/ फोन नं. ०६९-४४००१६

Email: gharapjhongrmunicpality@gmail.com

website: www.gharapjhong.rmun.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
जोमसोम, मुस्ताङ्ग

प्रथम पटक प्रकाशित मितिः २०७७/०६/१३

सुचना नं. ३

## प्रस्ताव माग सम्बन्धी सुचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन इकाई, मुस्ताङ्गको आ.व २०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्याउ जोन तर्फको अनुदान र साझेदारीमा तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले मुस्ताङ्ग जिल्लाका प्राविधिक शिक्षालयहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति२०७७।०७।१२ गते कार्यालय समय र अन्तिम दिन सार्वजनिक विदा परेमा विदा सकिए पछि कार्यालय खुलेको दिन) भित्र आवश्यक कागजातहरु संलग्न गरी परियोजना कार्यानवयन इकाई, मुस्ताङ्गमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रमको संख्या | अनुदान रकम % | अधिकतम साझेदारी रकम (हजार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन | १ | ७५% | १००० | व्यावसायिक कृषि उत्पादनको लागि संचालन गर्न सकिने क्षेत्रहरुः तरकारी खेती ,माछापालन , कुखुरापालन ,हाँसपालन, मौरीपालन, नर्सरी, कृषि/पशुपन्छी /मत्स्यका आधारभुत प्रयोगशाला सेवा र स्थान विशेषका अन्य बाली वस्तु । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

- रु १० को टिकट टाँस गरि तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन
- कार्यक्रम सञ्चालन हुने स्थान वा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौता पत्रको प्रतिलिपी ।
- विस्तृत कार्ययोजना सहितको प्रस्ताव ।
- विद्यार्थीको प्रतिवद्दता र सहभागी हुने विद्यार्थी संख्या ।

नोटः कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि यस परियोजना कार्यान्वयन इकाईको सम्पर्क नं. ०६९-४४०१३० मा सम्पर्क गर्न सकिनेछ ।

का. ... थापा
कृषि पशु ... अधिकृत

फोन न- ०६९-४४०१३०
ईमेलः pmamp.piu.mustang@gmail.com

२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
जोमसोम, मुस्ताङ्ग

visit Nepal 2020 Lifetime Experiences

प्रथम पटक प्रकाशित मितिः २०७७/०६/१३

सुचना नं. २

## प्रस्ताव माग सम्बन्धी सुचना

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन इकाई मुस्ताङ्गको आ.व २०७७।०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्याउ जोन तर्फको अनुदान र साझेदारीमा तपशिलका कार्यक्रमहरु संचालन गर्न स्याउ जोनको कार्यक्षेत्र भित्रका सूचीकृत र नविकरण भएका कृषि फर्म, कृषक समुह, कृषि सहकारीलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो सुचना प्रकाशन भएको मितिले ३० दिन (मिति२०७७।०७।१२ गते कार्यालय समय र अन्तिम दिन सार्वजनिक विदा परेमा विदा सकिए पछी कार्यालय खुलेको दिन ) रीतपूर्वक आवश्यक कागजातहरु संलग्न गरी यस परियोजना कार्यानवयन इकाईमा निवेदन दिनुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क.स | कार्यक्रमको नाम | कार्यक्रमको संख्या | अनुदान रकम % | अधिकतम साझेदारी रकम (रु. हजार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बीउ स्रोत केन्द्र स्थापना (पटक) | १ | ८५ % | १५०० | स्थानिय तहको लागत सहभागितामा । |
| २ | जोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार- उच्च धनत्व विरुवा (हेक्टर) | ३ | ५०% | | बिरुवाको मूल्य सरकारी दररेट अनुसार । |
| ३ | कृषि यान्त्रिकरणमा सहयोग (पटक) | १ | ५०% | १००० | सूचीकृत लाभग्राहीहरुले स्याउ बगैचा व्यवस्थापन तथा बजारीकरणका लागि आवश्यक औजार, उपकरणहरु स्पेशिफिकेशन सहित माग गर्ने । कृषि औजार तथा मेसिनरी उपकरणः स्प्रे टंकी १६ लि. , मोटर स्प्रे, पावर स्प्रे, सिकेचर, करौती, भर्याङ्ग, प्लाष्टिक क्रेट, डिजिटल तराजु, जुसर मेसिन, मिनिटिलर र ग्रासकंटर । |
| ४ | बगैचा सुदृढीकरण तथा बाली संरक्षण सेवा (हेक्टर) | १५ | ५०% | २५० | निलोतुथो, चुना, खनिज तेल र जैविक विषादी । |
| ५ | नर्सरी श्रोत केन्द्र स्थापना (संख्या) | २ | ८५ % | १२०० | स्थानीय तहसँगको समन्वयमा । |
| ६ | स्याउको क्षेत्रफल विस्तार (हेक्टर) | ३० | ५० % | ३६०० | बिरुवाको मूल्य सरकारी दररेट अनुसार । |
| ७ | सिचाई पूर्वाधार निर्माण / सुधार सहयोग (संख्या) | १६ | ८५% | २४०० | साना बाँध निर्माण, कुलो सुधार, पोलिथिन पाइप, पोखरी निर्माण, टंकी निर्माण, पम्पसेट, थोपा सिंचाई, स्प्रिङ्कल सिंचाई, पानी तान्ने मोटर आदीका लागि कृषि फर्म कृषक समुह, कृषि सहकारीले निवेदन दिन सकिनेछ । |
| ८ | पोष्ट हार्भेष्ट सेन्टर स्थापना (पटक) | १ | ८५ % | २५०० | भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना सुदृढिकरण । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- रु. १० कप टिकट टाँस गरि तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन
- स्याउ नर्सरी श्रोत केन्द्र र पोष्ट हार्भेष्ट सेन्टर स्थापनाको हकमा कार्यक्रम सञ्चालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौता पत्र प्रतिलिपी
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणको प्रतिलिपि
- संस्थाको हकमा कार्य समितिको निर्णय प्रतिलिपि
  - ❖ नोटः कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि यस परियोजना कार्यान्वयन इकाई मुस्ताङ्गको सम्पर्क नं. ०६९४४०१३० मा सम्पर्क गर्न सकिनेछ ।

डा. सुधिर थापा
विकास अधिकृत

फोन न- ०६९-४४०१३०
ईमेलः pmamp.piu.mustang@gmail.com

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
म्याग्दी/मुस्ताङ

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.co

पत्र संख्य :- ०७७/७८

चलानी नं :

मिति २०७७/६/१६

## साना पशुपंन्छी तथा मस्त्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम सञ्चालनका लागि परियोजना प्रस्ताव पेश गर्ने संवन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०७७/६/१६*

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीमुस्ताङ/को आ व.०७७/७८ मा सञ्चालन गरिने साना व्यवसायिक फार्म स्थापना तथा विस्तार परियोजना कार्यक्रम सञ्चालन गर्न इच्छुक म्याग्दीमुस्ताङ जिल्लाका पशुपंन्छी तथा / मत्स्यपालनसम्बन्धी फार्म/कम्पनी/समूह तथा सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र साना पशुपंन्छी तथा मस्त्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम सञ्चालन मापदण्ड २०७७ अनुसार तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निबेदन सहित भेटेरिनरी अस्पतालत तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी वा सम्पर्क एकाइ मुस्ताङमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | मोडेल फार्मको किसिम | अधिकतम अनुदान सहकार्य | लक्ष्य संख्या | आबश्यक न्यूनतम पूर्वाधार तथा शर्तहरु |
|---|---|---|---|---|
| १ | साना पशुपंन्छी तथा मत्स्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम | परियोजनाको पहिलो बर्षको लागतको बढीमा ५० %वा लागत साझेदारीमा बढीमा ३ लाख प्रति फार्म नबढ्ने गरि अनुदान रकम उपलब्ध गराईने छ । | २६ | १) विस्तारित हुने फार्मको हकमा उल्लेखित पूर्वाधार तथा शर्तहरु पुरा भएको र नयाँ स्थापना हुने हकमा उल्लेखित पूर्वाधार तथा शर्तहरु पुरा गर्ने प्रतिवद्धता गरि व्यवसायिक प्रस्ताव पेश गरेको हुनु पर्ने छ ।<br>२) गाई/भैंसीपालन: कम्तिमा ४ रोपनी जमिनमा घाँस खेती, उन्नत नश्लका कम्तिमा ५ देखि बढीमा १० गोटासम्म दूधालु गाई वा भैंसी वा दुबै पालन गरेको हुनु पर्ने वा गर्ने ।<br>३) भेडा बाख्रापालन: कम्तिमा २ रोपनी जमिनमा घाँस खेती, उन्नत नश्लका कम्तिमा १५ देखि बढीमा २५ गोटा माउ भेडा/बाख्रापालन गरेको वा गर्ने ।<br>४) बगुरपालन पाडा/पालन : उन्नत बा स्थानीय नश्लका कम्तिमा ५ देखि बढीमा १० गोटा सम्म प्रजनन् योग्य माउ बंगुर र १ गोटा भाले वा कम्तिमा १० देखि बढीमा ३० गोटा सम्म फ्याटनर पालन वा कम्तिमा १० देखि बढीमा ३० गोटा सम्म भैंसीका पाडापालन गरेको वा गर्ने ।<br>५) कुखुरा एंव पन्छीपालन: मासु वा अण्डा उत्पादनका |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

म्याग्दी/मुस्ताङ

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.co

पत्र संख्य :- ०७७/७८
चलानी नं :

| | | | | |
|---|---|---|---|---|
| | | | | लागि कम्तिमा १००० देखि बढीमा २००० ब्रोईलर कुखुरा वा कम्तिमा ५०० देखि बढीमा १००० लेयर्स वा कम्तिमा २०० देखि बढीमा ५०० ड्युअल पर्पोजका कुखुरा वा कम्तिमा २०० देखी ५०० स्थानीय कुखुरा वा कम्तिमा १०० देखी बढीमा ५०० वटा सम्म हाँसपालन गरेको वा गर्ने ।<br>६) माछापालन : ट्राउट माछापालनको लागि कम्तिमा ३०० देखि बढिमा ५०० बर्ग मिटर क्षेत्रफलको रेस वए, कार्प बा अन्य प्रजातिको माछापालनको लागि पहाडमा कम्तिमा २ देखि बढीमा ५ रोपनी वा तराईमा कम्तिमा ५ देखि बढीमा १० रोपनी जलाशयको क्षेत्रफल भएको पोखरी निमार्ण गरेको वा गर्ने । |

आबश्यक कागजातहरु

१ रु १० को टिकट सहितको निबेदन र मापदण्ड अनुसारको परियोजना प्रस्ताव ।
२ कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र PAN/VAT दर्ता प्रमाणपत्र र पछिल्लो आव. ०७६/७७ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरु ।
३ कृषक समूह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था संञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
४ सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको कार्यक्रम संञ्चालनमा दोहोरो सहयोग बा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
५ सम्बन्धित स्थानीय तहको वडामा कृषक बर्गिकरण फाराम भरि सूचिकृत भएको प्रमाणको प्रतिलिपि।
६ जग्गा करार वा लिजमा लिएको भए न्यूनतम १० बर्षको लागि करार सम्झौताको प्रतिलिपि ।
७ वैदेशिक रोजगारीवाट फर्केको भए पासपोर्टको प्रतिलिपि ।

यस सूचना तथा निबेदन र कार्य योजना फर्मेट भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी वा संपर्क केन्द्र जोमसोम मुस्ताङबाट प्राप्त गर्न सकिने छ ।वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वोयव साइट **www.molmac.p4.gov.np** बाट पनि डाउनलोड गर्न सकिने छ ।

विस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी मा यस विज्ञ केन्द्र को सम्पर्क नं वा ९८५७६२६२३४वा ०६९५२०१२१.vhl.myagdi@gmail.com सम्पर्क राखुहुन अनुरोध छ ।

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

म्याग्दी/मुस्ताङ

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.co

पत्र संख्य :- ०७७/७८
चलानी नं :

नोट

१ प्रस्तावित परियोजना पहिलो बर्ष लागत रकम कम्तिमा रु ६ लाखको हुनु पर्ने छ ।

२ विगत २ आव.मा पशुपंन्छी तथा मत्स्य मोडेल फार्म तथा अन्य सरकारी निकायबाट अनुदान प्राप्त उद्यमि, फार्म, कम्पनी, समूह तथा सहकारीलाई अनुदान उपलब्ध गराईने छैन ।

नारायण कुसुम
केन्द्र प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

म्याग्दी/मुस्ताङ

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.co

पत्र संख्य :- ०७७/७८
चलानी नं :

## मस्त्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हानको सूचना ।

### प्रथम पटक प्रकाशित मिति २०७७/६/१६

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी मुस्ताङको आ.व ०७७/७८ को बार्षिक कार्यक्रम अनुसार मत्स्यपालन गरि मत्स्य विकास प्रबर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा निम्नानुसारको कार्यक्रम गर्न ईच्छुक मत्स्यपालन सम्बन्धी फार्म, कम्पनी, कृषक, समूह, समितिहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको मस्त्य विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड २०७७ अनुसारको ढाँचा अनुसार प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निबेदन सहित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी वा सम्पर्क एकाइ मुस्ताङमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सञ्चालन हुने कार्यक्रम हरु

| क.स. | विवरण | अधिकतम अनुदान | संख्या | आबश्यक कागजातहरु |
|---|---|---|---|---|
| १ | नयां माछा पोखरी निर्माण सहयोग | परियोजनाको लागतको बढीमा ५० प्रतिशत लागत साझेदारी (प्रति रोपनी रु२५०००। को दरले ) | १.५हेक्टर | १) रु १० को टिकट सहित निबेदन र बुंदा नं ३ वमोजिमको परियोजना प्रस्ताव ।<br>२) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।<br>३) व्यवसाय दर्ता प्रामण पत्र र स्थाई लेखा/पान नं प्रमाण पत्रको प्रतिलिपि ।<br>४) कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र<br>५) पछिल्लो आ.व ०७६/७७ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपीहरु ।<br>६) जग्गा करार वा लिजमा लिएको भए न्यूनतम १० बर्षको लागि करार सम्झौताको प्रतिलिपि ।<br>७) लागत साझेदारीको प्रतिबद्धता पत्र ।<br>८) सम्बन्धित स्थानीय तह पशु सेवा शाखाको कार्यक्रम संञ्चालनमा दोहोरो सहयोग बा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।<br>९) माछापालनका लागि उपयुक्त जग्गा भएको/माछापालन भइ रहेको प्रमाण पेश गर्नु पर्ने ।<br>१०) मत्स्य ह्याचरी स्थापनाको लागि न्यूनतम १.५ हेक्टरमा माछापालन गरिरहेको, माउ माछा र माछा भुरा पालनको व्यवस्था आँफै गर्ने सक्ने हुनु पर्दछ ।<br>११) शैक्षिक योग्यता तथा प्राप्त तालिम प्रमाण पत्रको प्रतिलिपि । |
| २ | पुराना मत्स्य पोखरी मर्मत सहयोग | परियोजना लागतको बढीमा ५० प्रतिशत लागत साझेदारी (प्रति रोपनी रु ५००० को दरले ) | २ हेक्टर | |
| ३ | मत्स्य बीउ उत्पादन लागि ह्याचरी स्थापना | परियोजनाको लागतको (बढीमा ५० प्रतिशत लागत साझेदारी (बढिमा ५ लाख नबढ्ने गरी उपलब्ध गराइनेछ) | १ संख्या | |

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

०६९ ५२०१२१
९८५७६२६२३४
vhl.myagdi@gmail.co

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

पत्र संख्य :- ०७७/७८

म्याग्दी/मुस्ताङ

चलानी नं :

यस सूचना तथा निबेदन र कार्य योजना फर्मेट भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी र संपर्क एकाइ मुस्ताङ जोमसोम बाट पाउन सकिने वा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वोयव साइट **www.molmac.p4.gov.np** बाट पनि डाउनलोड गर्न सकिने छ ।

विस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दी मा यस विज्ञ केन्द्र को सम्पर्क नं वा ९८५७६२६२३४वा ०६९५२०१२१.vhl.myagdi@gmail.com सम्पर्क राख्नुहुन अनुरोध छ ।

नारायण कुसुम
केन्द्र प्रमुख

८

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रम संचालनका लागि प्रस्ताव माग सम्बन्धि सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७७/०६/१२)

यस केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम बमोजिम तपसिलका कार्यक्रम सञ्चालन गर्न ईच्छुक म्याग्दी र मुस्ताङ्ग जिल्लाका कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक व्यवस्थापन समिति तथा जल उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु यस केन्द्रमा वा केन्द्रको सम्पर्क ईकाई, मुस्ताङ्गमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र सं | कार्यक्रमको किसिम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु लाखमा | मापदण्ड |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम | प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% वा रु. ५ लाख, जुन कम हुन्छ | ३० | १५०.० | • साना बाँध निर्माण, कुलो सुधार, पोलिथिन पाइप, पोखरी निर्माण, टङ्की निर्माण, पम्प सेट, थोपा सिँचाई, स्प्रिङ्कल सिँचाई, पानी तान्ने मोटर आदिका लागि कृषक समूह, कृषि सहकारी तथा जल उपभोक्ता समितिले आबेदन पेश गर्न सक्नेछन्। <br>• प्रस्तावित साना सिंचाई आयोजनाबाट पहाडमा कम्तीमा १० रोपनी जमिनमा सिंचाई सुबिधा उपलब्ध हुनुपर्नेछ। |
| २ | स्थानीय कृषि उपज बिक्रि केन्द्र स्थापना कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% | ३ | २२.५ | • व्यबसायिक रुपमा कृषि उपज उत्पादन हुने क्षेत्रमा कार्यरत कृषि समूह वा सहकारीले जिल्ला सदरमुकाम बाहेकका बजार क्षेत्र, यातायातका साधन नियमित चल्ने सडकको छेउछाउ वा स्थानीय तहको केन्द्रमा कृषि उपज बिक्रि केन्द्र स्थापना वा सुधारका लागि आबेदन पेश गर्न सक्ने छन्। <br>• कृषि उपज बिक्रि केन्द्र स्थापनाका लागि न्युनतम ०.५ रोपनी क्षेत्रफल जग्गा भएको हुनु पर्नेछ। |
| ३ | कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% | २ | १२.० | • कृषि उपज संकलन केन्द्र स्थापनाका लागि न्युनतम २ रोपनी क्षेत्रफल जग्गा भएको हुनु पर्नेछ। <br>• यो कार्यक्रम कृषि सहकारी, कृषक समुह, कृषि उपज बजार संचालक समितिसंगको साझेदारीमा संचालन हुनेछ। |
| ४ | क्लस्टरमा रैथाने बाली संरक्षण कार्यक्रम | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको | ३ | १५.० | • क्लस्टरमा प्रति बाली पहाडमा कम्तिमा १५ रोपनी क्षेत्रफलमा स्थानीय बालीहरु (जस्तै कोदो, जौ, फापर, उवा, कागुनो, जुनेलो, चिनो, लट्टे, सिमि, मास आदि) को उत्पादन, संकलन, संरक्षण तथा प्रबर्धन गर्न इच्छुक कृषि समुह वा |

फोन नं: ०६९-५२०६३०, इमेलः akcmyagdi@gmail.com, वेब साइटः myagdi.akc.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | | बढीमा ९०% | | | सहकारीले आवेदन पेश गर्न सक्नेछन्। |
| ५ | आलु खेती प्रवर्धन विशेष कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ९०% | ३० हेक्टर | ४५.० | • क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न समूहले आलु खेती गर्ने गरी कृषि समुह, सहकारीले आवेदन पेश गर्ने सक्ने छन्। |
| ६ | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रस्तावित परियोजनाको लागतको बढीमा ५०% | २२ | ६६.० | • कृषक समुह र कृषि सहकारी संस्थाको हकमा सामूहिक उत्पादन फार्म हुनुपर्नेछ। <br>• फलफुल, तरकारी, पुष्प, च्याउ, मौरीपालन, अलैची, अदुवा, बेसार, तथा अन्य नगदेवाली विशेषमा फर्म स्थापना वा विस्तार हुनुपर्नेछ। |
| ७ | नयाँ व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | कार्यविधि अनुसार (५० प्रतिशत देखि ८५ प्रतिशत सम्म) | १० | २४५.० | • ब्लक क्षेत्र संचालनका लागि एउटै कलष्टरमा एउटा मात्रै वाली/वस्तुको कम्तिमा निम्नानुसार लगाउन वा विस्तार हुन सक्ने हुनु पर्नेछ <br>• खाद्यान्न वाली पहाडमा १०० हेक्टर हिमालमा, ५० हेक्टर <br>• आलु तथा तरकारी वाली पहाडमा ३० हेक्टर, हिमालमा २० हेक्टर <br>• दलहन, तेलहन, मसलावाली र फलफूलमा पहाडमा ७० हेक्टर, हिमालमा ३० हेक्टर <br>• मौरी पालनको हकमा पहाडमा न्यूनतम १००० र हिमालमा ८०० आधुनिक घार, <br>• कन्ये तथा गोब्रे च्याउको हकमा १०,००० केजी बीउ उपयोग गरी खेती गर्ने, शिताके च्याउको हकमा न्यूनतम २५००० वटा मुढामा खेती गर्ने र <br>• प्लाष्टिक घरमा खेती गर्न कम्तिमा पहाडमा १० हेक्टर र हिमालमा ६ हेक्टर क्षेत्रफल हुनु पर्नेछ। |
| ८ | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग | मापदण्डले तोके बमोजिम | ३ पटक | १५.० | • कार्यक्रममा सहभागी हुने फर्म/कम्पनी/कृषकले कम्तीमा २ रोपनी भन्दा बढी क्षेत्रफल वा न्यूनतम २०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा दुई सिजन तरकारी खेती गर्नु पर्नेछ। <br>• खुला जमिनमा तरकारी खेती गर्ने कृषकले प्रति रोपनी रु. ३०००/- र प्लाष्टिक घरभित्र गर्ने कृषकले प्रति १०० |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | वर्ग मिटर रु. ३,०००/- का दरले प्रोत्साहान स्वरुप नगद अनुदान प्राप्त गर्न सक्नेछन। |
| ९ | बाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | मापदण्डले तोके बमोजिम | ४० हेक्टर | २४.० | • विविध कारणले कम्तिमा ३ बर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनु पर्ने।<br>• स्थलगत अनुगमनको आधारमा बाँझो जमिनमा खेती गरेबापत प्रति रोपनी क्षेत्रफल रु. ३,०००/- अनुदान उपलब्ध गराईनेछ।<br>• कार्यक्रममा कृषक/कृषि फर्म/कृषि कम्पनी सहभागी हुन पाउनेछन्। |

**प्राङ्गारिक तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम**

| क्र सं | कार्यक्रमको किसिम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु लाखमा | मापदण्ड |
|---|---|---|---|---|---|
| १० | समूह वा सहकारीको लागि खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | २ | २०.३६ | कम्तिमा ६० रोपनी जग्गामा खेती गर्नुपर्छ |
| ११ | एकल फार्मको लागि खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | १८ | ३०.५३ | कम्तिमा ५ रोपनी जग्गामा खेती गर्नुपर्छ |
| १२ | प्राङ्गारिक उत्पादनको लागि प्लाष्टिक घर विस्तार अनुदान | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | ६ | ३९.२३ | |
| १३ | कृषि उपजको बजार प्रवर्द्धन कार्यक्रम | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | १ | ४.३ | |
| १४ | कृषि उपजको प्याकेजिङ तथा लोगो छपाई र प्रमाणीकरण | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | २ | २ | |
| १५ | रैथाने वाली तथा स्थानीय लोपउन्मुख जातको वीज वृद्धि कार्यक्रममको लागि उत्पादन सामाग्री, आपूर्ती तथा प्रविधि सम्बन्धी कार्यक्रम | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | २ | १.३६ | एकल कृषकको हकमा कम्तीमा ३ रोपनी तथा समुह सहकारी वा सामुदायिक बीउ बैंक व्यवस्थापन |

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, म्यागदी

गण्डकी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | रैथाने/ स्थानीय बालीको व्यवसायिक उत्पादनका लागि उत्पादन सामाग्री, आपूर्ती तथा प्रविधि सम्बन्धी कार्यक्रम | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | २ | ३ | समितिको हकमा कम्तिमा १५ रोपनीमा रैथाने बालीको सम्भव भएसम्म क्लष्टरमा खेती गर्नुपर्नेछ। |
| १७ | रैथाने बाली तथा स्थानीय बालीको उत्पादन विविधिकरण तथा बजारीकरण सहयोग कार्यक्रम | स्वीकृत कार्यविधि तथा बार्षिक बजेटको परिधिभित्र रही | २ | २ | •प्राङ्गारिक तथा रैथाने उत्पादन क्षेत्र घोषणा भएका वा घोषणा गर्न सकिने क्षेत्रहरु |

देहाय

१. रु. १० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना।
२. संस्थाको दर्ता/नबिकरण प्रमाणपत्र|
३. PAN/VAT दर्ता प्रमाण पत्र|
४. अघिल्लो आ.ब. को बार्षिक अडिट रिपोर्ट तथा करचुक्ता प्रमाणपत्र|
५. संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि।
६. अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणापत्र|
७. स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
८. प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्युनतम १० बर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।
९. कृषकको हकमा नागरीकताको प्रमाणपत्र, स्थायी लेखा नम्बर, तरकारी लगाउने जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ।

नोटः कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढांचा यस केन्द्र तथा केन्द्रको सम्पर्क इकाई मुस्ताङ्का साथै केन्द्रको आधिकारिक वेबसाइट तथा फेसबुक पेजमा समेत उपलब्ध छ|

**थप जानकारी तथा सम्पर्कको लागि- myagdi.akc.gov.np (वेबसाइट), ०६९५२०६३० (कार्यालय), ९८५१२२१३६४ (गोबिन्द पाण्डे कृषि प्रसार अधिकृत)**